# बहुदरमाई नगरपालिकाको
# उद्योग/वाणिज्य तथा व्यवसाय दर्ता
# सम्वन्धि कार्यविधि, २०७७

## बहुदरमाई नगरपालिका
बहुअरी पिडरी, पर्सा

CamScanner

# बहुदरमाई नगरपालिकाको उद्योग/वाणिज्य तथा व्यवसाय दर्ता सम्वन्धि कार्यविधि, २०७७

## प्रस्तावना :

बहुदरमाई नगरपालिकाका क्षेत्रभित्र रहेका उद्योग/वाणिज्य तर्फको व्यापारिक फर्मको दर्ता, नविकरण तथा अनुगमन नियमन तथा व्यवस्थापन गर्न स्थानिय व्यापारको तथ्याङ अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बहुदरमाई नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम बहुदरमाई नगरपालिकाको उद्योग/वाणिज्य तथा व्यवसाय दर्ता सम्वन्धि कार्यविधि २०७७ रहेको छ ।

**१. प्रारम्भः** यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भई बहुदरमाई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन , २०७४ सम्झनु पर्दछ ।

ख) “नगर” भन्नाले बहुदरमाई नगरपालिका सम्झनुपर्छ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ

घ) “कार्यालय” भन्नाले बहुदरमाई नगरपालिका, कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शव्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

ङ) उद्योग प्रवर्द्धन वोर्ड : भन्नाले उद्योग प्रवर्द्धनको लागी तोकिएको नगरप्रमुखको अध्यक्षतामा रहेको समिति सम्झनुपर्छ ।

**२. उद्योग/बाणिज्य तथा व्यवसाय प्रवर्द्धन वोर्ड :**

क) बहुदरमाई नगरपालिकाको उद्योग/वाणिज्य तर्फको व्यवसाय दर्ता, नविकरण, ठाँउसारी, नामसारी, पूँजीवृद्धि, खारेजी लगायत कार्यका लागि देहायका पदाधिकारीहरु रहेको उद्योग/वाणिज्य प्रवर्द्धन बोर्ड रहनेछ :

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) उपप्रमुख | सदस्य |
| ३) नगरप्रमुख बाट मनोनित १ महिला सहित २ जना कार्यपालिका सदस्य | सदस्य |
| ४) वडाध्यक्षहरु मध्ये कार्यपालिकाको सिफारिशमा २ जना | सदस्य |
| ५) नगरको उद्योग वाणिज्य संग सम्बन्धीत व्यवसायीहरुबाट २ महिला सहित नगरप्रमुखले मनोनित गरेको ४ जना | सदस्य |
| ६) नगरपालिकाको सम्बन्धित उद्योग शाखा हेर्ने अधिकृत | सदस्य |
| ६) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**ख) बोर्डको काम कर्तब्य र अधिकार :**

१) बहुदरमाई नगरपालिका क्षेत्रमा दर्ता तथा सन्चालनमा रहेका उद्योग/बाणिज्य तथा ब्यवसाय दर्ता, नविकरण लगायत कार्यको नियमन गर्ने ।

२) नगरपालिका क्षेत्रमा स्थापना तथा सन्चालन हुने उद्योग ब्यवसायको प्रवर्धन तथा विकासका लागि आवश्यक नीति निर्माण, बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

३) नगरक्षेत्रमा उद्योग ग्राम तथा ठूला सम्भावनाका उद्योग स्थापना गर्न आवश्यक अध्ययन तथा समन्वय गर्ने ।

४) नगर क्षेत्रमा स्थापना तथा सन्चालनमा रहेका उद्योग, ब्यवसाय तथा बाणिज्य क्षेत्रको बृहत्तर हित र प्रवर्धनका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने ।

५) उद्योग, बाणिज्य तथा ब्यवसाय संग सम्बन्धित विषयमा नगरपालिकाको विषयगत शाखालाई आवश्यक राय, सुझाव र सहयोग गर्ने ।

६) बहुदरमाई नगरपालिकामा संचालनमा रहेका उद्योग, बाणिज्य तथा ब्यावसाय संग सम्बन्धित कुनै महत्वपूर्ण विषय तथा दर्ता नविकरण सम्बन्धी अन्यौलता सो विषयमा निर्णय गरि निकास दिने।

**ग) बोर्डको बैठक:**

बहुदरमाई नगरपालिकाको उद्योग वाणिज्य तथा ब्यवसाय प्रवर्धन बोर्डको बैठक बर्षमा कम्तिमा ४ पटक आवश्यकता पर्दा जुनसुकै बेला बस्न सक्नेछ।

**३. उद्योग/व्यवसाय दर्ता गरि संचालन गर्नु पर्ने**

१) नगरपालिकाका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची- १ मा उल्लेखीत ढाँचाको दरखास्त फाराम भरी कार्यालयलाई दिनु पर्नेछ यस्तो फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छ ।

क) व्यवसायको नाम र ठेगाना

ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा

ग) कारोवार गर्ने मुख्य वस्तु र सेवा

घ) लगानी

ङ) व्यवसायीको नाम र ठेगाना

च) व्यवसायीको नागरिकताको प्रतिलिपि

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम .

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ . लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तार गरी रोजगारी अभिबृद्धि गर्ने, शिपमुलक तालीम संचालनबाट बेरोजगारी युवा, युवतीहरुको बेरोजगारीको स्थिती अन्त्य गरी गरिबी निबारणमा सहयोग गर्ने खालको कुनै उद्योग संचालन गर्न चाहेमा र नगरपालिकाले आवश्यकतानुसार सहुलियत तथा छुट दिन सक्नेछ ।

**४. नगरपालिकाबाट प्रदान गरिने उद्योग, बाणिज्य तथा ब्यवसाय सम्बन्धी सेवाहरु :**

क) उद्योग दर्ता, नामसारी, ठाउँसारी, लगतकट्टा, पुँजीवृद्धि तथा क्षमताबृद्धि तथा नविकरण गर्ने ।

CamScanner

ख) नगर स्तरमा उद्योग, बाणिज्य तथा व्यवसाय प्रवर्धन सम्बन्धी योजना कायान्वयन गर्ने ।

ग) प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।

घ) तालिम प्राप्त प्रशिक्षार्थीलाई छुट मूल्यमा उपयुक्त प्रविधि उपलब्ध गराउने ।

ङ) उद्यमीहरु लाई पुनर्ताजगी तालिम संचालन गर्ने ।

च) उद्यमीले उत्पादन गरेका वस्तुहरुको बजारिकरणमा सहयोग गर्ने ।

छ) औद्योगिक भ्रमण तथा प्रदर्शनीको आयोजना गर्ने ।

ज) लघु कर्जामा सहयोग गर्ने ।

## ५. उद्योगको परिभाषा र स्तर :

बहुदरमाई नगरपालिकामा सञ्चालन हुने उद्योगलाई निम्नानुसार परिभाषित तथा स्तर निर्धारण गरिनेछ

**क) लघु उद्योग :**

घरजग्गा बाहेक बढीमा जम्मा ५ लाख रुपैया स्थिरजेथा भएका उद्यमी स्वयं उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमी सहित बढीमा (९ जना सम्म कामदार रहेको, वार्षिक कारोवार ५० लाख भन्दा कम रहेको र इन्जिन उपकरण वा मेशिन प्रयोग भएको भएमा इन्जिन उपकरण वा मेशिनमा खपत हुने इन्जिन क्षमता २) किलोवाट भन्दा कम रहेको ।

**ख) घरेलु उद्योग :**

श्रममा आधारित देशको कला, परम्परा र संस्कृती सँग सम्बन्धीत विशेष किसिमको शिप वा कच्चा पदार्थ र स्थानिय श्रोत र साधनको परिचालन गर्ने परम्परागत किसिमका अनुसूचि २ बमोजिममा उल्लेख भएका उद्योगहरु तथा १० किलोवाट सम्मको विद्युत क्षमता भएको ।

**ग) साना उद्योग :**

५ करोडसम्म स्थिर जेथा भएका उद्योगहरु ।

**घ) मझौला उद्योग :**

५ करोड देखि २५ करोड रुपैया सम्म स्थिर जेथा भएका उद्योगहरु ।

**ङ) ठूला उद्योग :**

२५ करोड भन्दा माथी स्थिर जेथा भएका उद्योगहरु ।

उपदफा क) देखि ङ) सम्म उल्लेखित उद्योगहरुले स्थिर जेथामा देहायका चल वा अचल सम्पत्तिहरु समावेश गर्न पाउने छन्:

१. जमिन र जमिनसुधार

२. स्थानिय भौतिक पुर्वाधारहरु

३. कार्यालय, कारखाना, भवन, गोदाम घर, विद्युत वितरण, पानी वितरण, आवाश भवनहरु

४. यन्त्र उपकरण तथा औजारहरु .

५. परिवहनका साधनहरु .

६. विद्युत उपकरण तथा कार्यालय उपकरणहरु .

७. फर्निचर, फिक्स्चर, संचार व्यवस्था तथा उपकरणहरु

उपर्युक्त सम्पत्तिहरुको अतिरिक्त उद्योगमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको विभिन्न

बहुदरमाई न.पा.

अवस्थामा हुने वा भएको पूँजीकृत गरिने प्राविधिक परामर्श र सुपरिवेक्षण खर्च, पूर्व लगानी र पूर्व संचालन खर्च तथा निर्माण अवधिको पूंजीकृत हुने ब्याज समेतलाई उद्योगको स्थिर जेथाको रुपमा मान्यता पाउने गरि तोकिनेछ ।

६. **उद्योगको वर्गिकरण :**

बहुदरमाई नगर क्षेत्रमा संचालन हुने उद्योगलाई उद्योगको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गिकरण गरिनेछ :

क) **उत्पादनमूलक :** कोरामाल वा अर्ध प्रशोधित माल वा खेर गई रहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग ।

ख) **उर्जामूलक उद्योग :** जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग ।

ग) **कृषि तथा वनजन्य उद्योग :** मूलत कृषि वा वन पैदावारमा आधारित रेशम, फलफूल खेती तथा प्रशोधन, पशुपालन, डेरी, जडिबुटि जस्ता उद्योगहरु ।

घ) **खनिजमूलक :** खनिज उत्खनन् वा प्रशोधन गर्ने ।

ङ) **पर्यटनमूलक :** पर्यटन आवास, मोटेल, होटेल, रेष्ट'रा, वाटर-र्याफ्टिङ्ग, पदयात्रा (ट्रेकिङ्ग), मनोरञ्जन पार्क निर्माण तथा संचालन गर्ने व्यवसाय ।

च) **सेवामूलक :** वर्कशप, छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ्गहोम, प्रशिक्षण संस्थाहरु, प्रयोगशाला, शीतभण्डार आदि व्यवसायहरु ।

छ) **निर्माणमूलक :** सडक, पूल, रोपवे, रेल सेवा, ट्रलिबस, टनेल, फ्लाईङ्ग ब्रिज तथा औद्योगिक व्यापारिक एवं आवास आदि निर्माण गरि संचालन गर्ने ।

७. **उद्योगको दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु :**

१. उद्योग दर्ताको निवेदन फाराम ।

२. उद्योगको परियोजना (स्किम) ।

३. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि ।

४. उद्योग रहने स्थानको स्वामित्वको प्रमाण पत्र ।

५. सम्बन्धित व्यक्तिको नाममा स्वामित्वको प्रमाण नभएमा मन्जुरीनामा सहित स्वामित्वको प्रमाण पेश गर्नु पर्नेछ ।

६. सम्बन्धित न.पा/गा.पा. को सर्जमिन सहितको सधियार मुचुल्का तथा सिफारिस पत्र ।

७. साझेदारी फर्म दर्ता गर्दा सम्झौता पत्र (साझेदारी कबुलियतनामा) समेत पेश गर्नु पर्नेछ ।

८. गाउँ ब्लकको जग्गा भए सम्बन्धित व्यक्तिको हकभोगमा रहेको सम्बन्धित वडाबाट बाट सर्जमिन सहितको सिफारिश पत्र ।

९. कम्पनीमा दर्ता भई उद्योगको रुपमा दर्ता गर्न शेयरहोल्डरहरुको नागरिकता प्रवन्ध पत्र तथा नियमावली सहित पेश गर्न पर्नेछ ।

१०. न.पा वा सदरमुकाम क्षेत्र भन्दा बाहेकको क्षेत्रमा दर्ता गर्ने काठमा आधारित (स:मील, फर्निचर उद्योग) दर्ता गर्दा परियोजना स्थलबाट सामुदायिक वन तथा सरकारी वनक्षेत्र कम्तिमा १ कि.मी टाढा भएको हुनेपर्नेछ ।

११. इट्टा उद्योगको लागि २०० फिटको रेडियस भएको जग्गा उद्योगको उपयोगमा हुनु पर्ने र घनावस्तीबाट १ कि.मी टाढा हुनु पर्नेछ ।

१२. क्रसर उद्योगको लागि १०० फिट रेडियस भएको जग्गा उद्योगको उपयोगमा आउनु पर्ने, सेड राख्नु पर्ने, रैडियस प्रमाणित गरेको नापीको नक्शा र पत्र, खोला किनारबाट ५०० मिटर, शिक्षण संस्थावाट २ कि.मि, स्वास्थ्य संस्थावाट २ कि.मि, सुरक्षा निकायवाट २ कि.मि., वन क्षेत्रबाट

कमितमा १ किलोमिटर, पक्की पुलबाट ५०० मीटर, राजमार्गबाट ५०० मीटर, हाइटेन्सन लाईनबाट १०० मिटर, गाउँ बस्तीबाट २ कि.मी हुनु पर्ने र कच्चा पदार्थको श्रोत खुलेको हुनुपर्नेछ।

१३. वातावरण संरक्षण नियमावली २०५४ मा उल्लेख गरिएका उद्योगहरुको हकमा राष्ट्रिय दैनिक पत्रपत्रिकामा १५ दिने सूचना प्रकाशित गर्नु पर्ने, सर्जमिन मुचुल्का सहितको सिफारिश पत्र, सार्वजनिक ठाउँहरुमा प्रकाशित संरचनाको सम्बन्धित न.पा./गा.पा.को वडामा सूचना टाँस गरेको वडा मुचुल्का सम्बन्धित वडामा बाधा बिरोध नभएको पत्र तथा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन स्वीकृत भएको हुनुपर्नेछ।

१४. स्वास्थ्य, पर्यटन, निर्माण, संचार जस्ता उद्योग दर्ता गर्दा सम्बन्धित अधिकार प्राप्त निकायहरुको सिफारिश पत्र .

१५. निर्माण व्यवसायको लागि बहुदरमाई नगरपालिकाको घ बर्गको निर्माण इजाजत कार्यविधिको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

१६. प्रशिक्षण केन्द्र दर्ता गर्दा सम्बन्धित व्यक्तिको आफ्नै योग्यता हुनुपर्ने वा योग्यता भएको व्यक्तिलाई करारमा राख्नु पर्ने।

**८. उद्योग संचालन गर्दा उद्योगिहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्तहरु :**

१. उद्योग संचालन गर्दा हाल कायम रहेको र पछि लागु हुने नीति नियम सबै पालना गर्नु पर्ने।

२. वातावरण प्रदुषण हुन नदिन उपयुक्त व्यवस्था गर्नु पर्ने।

३. छरछिमेकलाई बाधा नपुऱ्याई उद्योग संचालन गर्नु पर्ने।

४ उपभोक्ता संरक्षण ऐन नियम विपरित गर्न नपाईने।

५. उद्योग संचालन गर्दा उद्योग भित्र भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था गर्नु पर्ने।

६. उद्योग संचालन गर्दा निश्कासन हुने खेर जाने पदार्थलाई उपयुक्त तरिकाले नियन्त्रण गर्नुपर्ने।

७. उद्योगको नाम जुध्न गएमा पछि दर्ता गर्ने उद्योगले आफ्नो नाम संसोधन गर्नु पर्ने।

८. उद्योग बन्द गर्दा आन्तरिक राजश्व कार्यालयको करचुक्ता र सहमती पत्र ल्याई हाल सम्मको नविकरण गरि लगत कट्टा गर्नु पर्ने।

**९. अनुमती माग दर्ता पेश गर्नु पर्ने कागजातहरु :**

क) उद्योग दर्ताको निवेदन फाराम

ख) उद्योगको स्कीम (परियोजना)

ग) प्रारम्भिक वातावरणिय परिक्षण गर्नुपर्ने उद्योगको हकमा आई. ई. ई. स्वीकृत भएको प्रतिवेदन।

घ) नेपाली नागरिकताको प्रमाण पत्र।

ङ) सम्बन्धित वडाको सर्जमिन मुचुल्का सहित सिफारिश पत्र।

**१०. विशेष अनुमती लिनु पर्ने उद्योगहरु :**

१. हातहतियार, गोलीगठ्ठा, बारुद, लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टींग) मुद्रा तथा सिक्का उद्योग।

२. चुरोट, विडी, सिंगार, खाने सुर्ती (खैनी) र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका वस्तु

उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग ।

३. मेशिनबाट ऊनी धागो काट्ने तथा मेशिनबाट ऊनी गलैचा उत्पादन गर्ने उद्योगहरु ।

**११. अनुमती लिनुपर्ने उद्योग तथा वातावरणिय प्रभाव क्षेत्र भित्र पर्ने उद्योगहरुले पालना गर्नु पर्ने शर्तहरु**

१. उद्योग संचालन गर्दा वातावरण प्रदुषण नहुने व्यवस्था गर्नुपर्नेछ ।

२. कामदारहरुलाई मास्क, एप्रोन आदि सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्नेछ ।

३. उत्पादनको क्रममा खेर जाने पदार्थहरुको उपयुक्त तरिकाबाट निराकरण गर्नु पर्नेछ ।

४. सुरक्षा एवं स्वस्थ्य सँग सम्बन्धित उद्योगहरु संचालन गर्दा सम्बन्धित निकायको नीति निर्देशन तथा शर्तहरुलाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

**१२. दर्ता तथा अनुमतीका लागि शुल्क :**

क) बहुदरमाई नगरपालिका क्षेत्रभित्र उद्योग/वाणिज्य तथा व्यवसाय संचालन दर्ता तथा अनुमतिका लागि निम्नानसुसारको शुल्क बुझाउनुपर्नेछ :

| सि.नं | **स्थिरपूंजी को सीमा** | **दर्ता शुल्क** |
|---|---|---|
| १ | स्थिरपूंजी पाँच लाख रुपैयाँ सम्म | रु १०००। |
| २ | स्थिरपूँजी पाँचलाख एक देखि दश लाख रुपैयाँ सम्म | रु २०००। |
| ३ | स्थिरपूँजी दशलाख एक देखि पच्चीस लाख रुपैयाँ सम्म | रु ५०००। |
| ४ | स्थिरपूँजी पच्चीस लाख एक देखि पचास लाख रुपैयाँ सम्म | रु ८०००। |
| ५ | स्थिरपूँजी पचास लाख एक देखि एक करोड रुपैयाँ सम्म | रु १३०००। |
| ६ | स्थिरपूँजी एक करोड एक देखि रु १० करोड सम्म | रु २५०००। |
| ७ | स्थिर पूंजी १० करोड भन्दा माथि | प्रति करोडरु. ७००। |

ख) प्रचलित कानून बमोजिम अन्य निकायबाट दर्ता भै बहुदरमाई नगरपालिकामा ब्यावसाय दर्ता मात्र गर्ने उद्योग तथा बाणिज्य फर्मले उपदफा क) को १ देखि ६ सम्मको सिमा भएमा सोहि अनुसार र ७ भन्दा माथि भएमा एकमुष्ट पचास हजार रुपैयाँ व्यवसाय दर्ता शुल्क बुझाउनु पर्नेछ । पुँजीको गणना प्रवन्धपत्रको चुक्ता पुँजी वा फर्ममा उल्लेखित चुक्ता पुँजी अनुसार हुनेछ ।

**१३. उद्योग नविकरण गर्दा आवश्यक पर्ने कागजातहरु :**

उद्योग नविकरण गर्न देहायको कागजपत्र अनिवार्य पेश गर्नुपर्नेछ :

क. उद्योगको सक्कल प्रमाण पत्र ।

ख. वार्षिक प्रगति प्रतिवेदन ।

ग. गत वर्ष आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपि ।

घ. निवेदन र आवश्यक राजश्व ।

ङ. वहालकर तिरेको प्रमाण ।

**१४. उद्योगको नामसारी गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

उद्योगको नामसारी गर्दा दर्ता शुल्कको दश प्रतिशत अतिरिक्त शुल्क बुझाइ देहायको कागजपत्र

CamScanner

अनिवार्य पेश गर्नुपर्नेछ :

क. लिने दिने कार्यालयमा उपस्थित भई संयुक्त निवेदन पेश गर्नु पर्ने ।

ख. हकछोड पत्र (राजिनामा) ।

ग. आन्तरिक राजश्व कार्यालयको सहमती पत्र ।

घ. लिनेको नागरिकताको प्रतिलिपि

ङ. मृत्यु भई नामसारी गर्नु परेमा मृत्यु दर्ता प्रमाण पत्र र अन्य अंशियार भए निजहरुको सहमती तथा नाता प्रमाणित पेश गर्नु पर्ने ।

च. उद्योग रहने जग्गाको सहमती पत्र ।

छ. बैकबाट रोक्का भएको भए सहमती पत्र ।

**१५. ठाउसारी गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

- मनासिव कारण देखाई नगरको कुनै एक क्षेत्रमा दर्ता भएको व्यवसायको अन्यत्र क्षेत्रमा ठाउँसुरी गर्नसकिनेछ । ठाउँसारीका लागि निम्न प्रक्रिया पुरा गर्नुपर्नेछ :
- क. ठाउँसारी गरी पाउँ भन्ने निवेदन ।
- ख. सम्बन्धित ठाउँको सर्जमिन मुचुल्का, जग्गाधनी पुर्जाको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस पत्र ।
- ग. उद्योग व्यवसायको सक्कल प्रमाण पत्र ।
- घ. ठाउँ सारी गर्दा स्थानविशेष अनुमति लिनुपर्ने भए सो मापदण्ड पुरा गरेको हुनुपर्ने ।

**१६. पूँजीबृद्धि तथा क्षमताबृद्धि गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क. पूँजी तथा क्षमताबृद्धि गर्नु पर्नाको कारण सहितको निवेदन पत्र ।

ख. संसोधित परियोजना (स्किम)

ग. उद्देश्य थप गर्नु पर्ने भएमा कारण सहितको निवेदन

घ. सक्कल प्रमाण पत्र ।

ङ. पुँजी बृद्धि वापतको शुल्क दफा १२ अनुसारको सिमा अनुरुप हुनेछ ।

**१७. उद्योग लगतकट्टा गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क. लगत कट्टा गरी पाउँ भन्ने निवेदन ।

ख. आन्तरिक राजश्व कार्यालयको सहमती पत्र ।

ग. अध्यावधिक नविकरण भएको प्रमाण पत्र ।

उपदफा (क) बमोजिम निवेदन प्राप्त भै आवश्यक प्रक्रिया पुरा भएपछि पछि कार्यालयले दर्ता किताबमा दाखिला खारेज गरि रु. एक हजार शुल्क लिइ उद्योगको लगतकट्टा गर्नेछ ।

**१८. एक ब्यक्तिको एउटा मात्र फर्म हुने :**

एउटा व्यक्तिको नाममा एकै प्रकृतको एउटा मात्र फर्म दर्ता गरिनेछ, कारोवारको आधारमा शाखा विस्तार तथा कारोवार थप गरिनेछ ।

**१९. व्यवसायको नविकरण गर्नुपर्ने :** दफा ४ बमोजम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरि सक्नु पर्नेछ । नविकरणका लागि नगर आर्थिक ऐनले तोकेको व्यवसाय कर अनिवार्य भुक्तान गर्नुपर्नेछ । असोज मासान्त पछि पुष मसान्त सम्म २० प्रतिशत जरिवाना र त्यस पछि आर्थिक बर्षको अन्त सम्म ३५ प्रतिशत जरिवाना लाग्नेछ । आर्थिक बर्ष कटे पछि हरेक बर्षको

दोब्बर शुल्क तिरेर नविकरण गर्न सकिनेछ । नगर सभाले विशेष छुटको निर्णय गरेमा सोहि अनुसार नविकरण हुनेछ ।

२०. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :**

(१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध्र दिन भित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्नेछ ।

२१. **साझेदार थपघट र ठाँउसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने :**

१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरि रु एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।

३) नगरपालिका क्षेत्रभित्र एक वडामा संचालनमा रहेको पेशा व्यवसाय नगरपालिकाको अर्को वडामा ठाँउसारीको लागि निवेदन परेमा ठाँउसारी गर्न चाहेको वडा कार्यालयले आवश्यक जाँचबुझ गरि कार्यालयमा सिफारीस गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहिने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने वडामा ठाँउसारीको लागि निवेदन पेश गरेपछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी रु पाँच सय दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाँउसारी गरि दिनु पर्नेछ ।

५) यस उपदफा बमोजिम ठाँउसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्वन्धित वडा कार्यालय र नगर उद्योग विकास शाखाको हुनेछ ।

६) नगरपालिकाले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने :

(१) कुनै खास पेशा , व्यवसाय वा व्यापारको सम्वन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा नगरपालिका कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

२) उपदफा (१) बमोजीम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्वन्धीत पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

३)यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ। यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्वन्धीत व्यवसायीको कर्तव्य हुनेछ ।

२२. **व्यवसाय संचालनको अनुमति लिनु पर्ने :**

नगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायवाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

२३. **व्यवसाय दर्ता खारेज गर्न सकिने :**

(१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु

रहेको मानीनेछ ।

२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्रापत भएपछि नगरपालिकाले आवश्यक जाँचवुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लगत कट्टा वापत लिईने सेवा शुल्क रु पाँच सय समेत असुल गरि लगत कट्टा गरिदिनुपर्नेछ ।

(४) प्रचलित कानुन विपरित कारोवार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा नगरपालिकामा भित्र दुई वर्ष सम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

**२४.कर छुट तथा मिन्हा गर्न सकिने :**

नगरपालिका क्षेत्र मा व्यापार व्यवसाय दर्ता गर्न चाहने महिला तथा अपाङता भएका व्यक्तिलाई व्यवसाय दर्ता तथा नविकरण गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट गरिनेछ ।

**२५. प्रतिलिपी दिन सक्ने :**

व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाण पत्र उपलव्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जाँचवुझ गरि रु २०० प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**२६.व्यवसाय संचालन नभएको सिफरिस दिन सक्ने :**

प्रचलित कानुन बमोजिम दर्ता भएको व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्वन्धित निकायमा सिफारीसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धमा कार्यालयले आवश्यक जाँचवुझ गरी व्यहोरा प्रमाणित भएमा रु पाँच सय दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारीस उपलव्ध गराउन सक्नेछ ।

**२७.व्यवसाय दर्ता तथा नविकरण नगरि संचालन गरेमा कारवाही हुने :**

(१) प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरि कुनै पनि व्यवसाय नगरपालिका क्षेत्र भित्र संचालन गरेको पाईएमा कार्यालयले सम्वन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई नगरपालिकावाट प्रवाह हुने सवै किसिमका सेवा सुविधाहरु वन्द गरि ब्यवसायको प्रकृति हेरि नगर उद्योग प्रवर्धन बोर्डको निर्णय अनुसार पाँच हजार देखि एक लाख रुपैयाँ सम्म दण्ड जरिवाना गरिनेछ ।

**२८.वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

अनुसुची १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## बहुदरमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिडरी,पर्सा

प्रदेश, नं. २ नेपाल

### व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

बहुदरमाई नगरपालिकाका,

बहुअरी पिडरी,पर्सा

प्रदेश, नं. २ नेपाल

व्यवसाय दर्ता /नविकरण गर्न अनुमति पाँउ ।

मैंले/हामीले निम्न स्थानमा ..................................व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले बहुदरमाई नगरपालिकाको व्यवसाय दर्ता ऐन, २०७७ को दफा ७ बमोजिम यो निवेदन दिएको छु /छौं ।

१. व्यवसायीको नाम,थर : ................................................................

२. स्थायी ठेगाना:...........जिल्ला .......न.पा.........................................वडा नं....

लगानी (रु मा) :...............................................................

स्थीर पुंजी: चालु पूँजि :

३. क) नागरिकता नं. ................. जारी जिल्ला: जारी मिति: ....................

व्यवसाय वहालमा रहेको भए घरको घरधनीको नाम थर......................

जग्गा लिजमा लिएको भए जग्गाधनीको नाम थर : .................................

४. फर्म/कम्पनीको नाम: ..............................

५. व्यवसाय रहने स्थानको ठेगाना : ...............................

६. व्यवसायको प्रकृति : ..........................................

७. उद्देश्य: ............................................................

७. प्रमुख कारोबार :

निवेदकको दस्तखत

मिति:...............................

बहुदरमाई न.पा.

CamScanner

## अनुसुची २

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## बहुदरमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिडरी,पर्सा

प्रदेश, नं. २ नेपाल

### व्यवसाय दर्ता किताव

| क.स. | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूँजि | एकलौटी/ साझदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बहुदरमाई न.पा.

## अनुसुची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी,पर्सा
प्रदेश, नं. २ नेपाल

फोटो

### व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :

प्रमाण पत्र नं. :

व्यवसायको प्रकृति: एकल साझेदारी

**व्यवसायीको विवरण :**

१. (क) व्यक्तिको नाम,थर :........................(ख) नागरिकता नं.........जारी जिल्ला मिति.......
२. ठेगाना ..................................
३. फोन..........................ई-मेल..............................**व्यवसायको विवरण** :..........................
१. व्यवसायको नाम ......................................२. पूजीगत लगानी (रु मा).......................
स्थिर पुँजी:.......... चालू पूँजि:...........................
३. व्यवसाय रहने स्थान : बहुदरमाई नगरपालिका वडा नं...............टोल................
४. व्यबसायको उद्देश्य:
५. कारोवार गर्ने वस्तु वा सेवाको विवरण:

.........................
जारी गर्ने

**शर्तहरु :**

१) प्रत्येक आ.व. को असोज मसान्त भित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ । अन्यथा नियमानुसार जरिवाना लाग्नेछ ।
२) व्यवसाय गरी आफ्को स्थान बदल्नु परे नगरपालिकाबाट पूर्व स्विकृत लिनु पर्नेछ ।
३) आफुले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।
४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवैले देख्ने गरी राखिनु पर्दछ र नगरपालिकाका कर्मचारीहरले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्नेछ ।
५) आफुले संचालन गरेको वयवसायमा बाल-श्रमिकहरु प्रयोग गर्न पाईने छैन ।
६) आफुले संचालन गरेको व्ययवसायको फोहरमैला तोकीएको स्थानमा राख्नु पर्नेछ ।
७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसुकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय वन्द गर्न सक्नेछ।

आज्ञाले,
तिर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बहुदरमाई न.पा.